# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, बैशाख २८ गते, २०८३ साल (अतिरिक्ताङ्क ७

## भाग २

### कोशी प्रदेश सरकार

### विराटनगर, नेपाल

## उद्योग, कृषि तथा सहकारी मन्त्रालयको सूचना

## प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३

प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "प्रदेश जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ सम्झनु पर्छ।

(ख) "भाँडो" भन्नाले बट्टा, सिसि, प्याकेट वा अन्य यस्तै विषादी वा रषादी राख्न प्रयोग गरिने भाँडो सम्झनु पर्छ।

(ग) "रषादी" भन्नाले जैविक विषादीलाई सम्झनु पर्छ।

(घ) "व्यवसायिक प्रयोग तथा छर्कने व्यवसाय" भन्नाले कृषि प्रयोजनका लागि विषादी छर्कने तथा प्रयोग गर्ने व्यवसायलाई सम्झनु पर्छ।

३. <u>सेवा सुविधाः</u> ऐनको दफा ३ को उपदफा (६) बमोजिमका सदस्यलाई प्रचलित प्रदेश कानून बमोजिमको बैठक भत्ता तथा यातायात खर्च उपलब्ध गराइनेछ।

४. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> ऐनको दफा ५ बमोजिमको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रयोगशालालाई आवश्यक सुझाव तथा निर्देशन दिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) क्षतिपूर्ति निर्धारण समितिको कामलाई सहजीकरण गर्ने,

(ग) जीवनाशक विषादीको परीक्षण प्रयोगशाला स्थापनाको लागि आवश्यक कार्यक्रम, बजेट तथा जनशक्ति व्यवस्थापनको लागि सहजीकरण गर्ने,

(घ) म्याद नाघेका, प्रतिबन्धित, पञ्जीकरण नभएका र जफत गरिएका जीवनाशक विषादीको प्रदेशस्तरमा भण्डारण गृह निर्माण तथा विसर्जनको लागि प्रदेश सरकारसँग आवश्यक व्यवस्थाको लागि पहल गर्ने,

(ङ) ऐनको दफा ७ (ख) बमोजिमको तालिमका लागि आवश्यक पाठ्यक्रम र तालिम सञ्चालन कार्यविधि प्रयोगशालाको सिफारिस बमोजिम समितिले स्वीकृत गर्ने।

५. <u>इजाजतपत्रका लागि निवेदन दिनुपर्नेः</u> (१) ऐनको दफा ६ को उपदफा (२) बमोजिम निवेदन पेस गर्दा ऐनको अनुसूची-१ मा उल्लिखित कागजातका अतिरिक्त देहायका कागजात तथा विवरण संलग्न गर्नु पर्नेछः-

(क) खुद्रा विषादी बिक्रेताको वा व्यवसायिक प्रयोग तथा छर्कने व्यवसाय सम्बन्धी तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) हालसालै खिचिएको दुई प्रति पार्सपोर्ट साइजको फोटो,

(ग) स्थायी लेखा नम्बर,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(घ) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ङ) मञ्जुरीनामा,

(च) कृषि ज्ञान केन्द्र वा स्थानीय तहको सिफारिस,

(छ) व्यवसायको हकमा कृषि ज्ञान केन्द्रद्वारा गोदाम तथा पसलको निरीक्षण गरिएको अनुसूची-३ बमोजिमको चेक लिस्ट,

(ज) दस्तुर बुझाएको प्रमाण।

(२) ऐनको दफा ६ को उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र दिन उपयुक्त देखेमा अनुसूची-१ अनुसारको ढाँचामा प्रमुखले इजाजतपत्र दिन सक्नेछ।

(३) ऐन प्रारम्भ हुनभन्दा अघि तालिमको प्रमाणपत्र प्राप्त गरी हालसम्म इजाजतपत्र नलिएका बिक्री वितरण, भण्डारण, व्यावसायिक प्रयोग र छर्कने व्यवसाय गर्न चाहने व्यक्ति, संस्था वा निकायले इजाजतपत्र लिन चाहेको खण्डमा अनुसूची-१ बमोजिमको ढाँचामा प्रयोगशालाले इजाजतपत्र दिन सक्नेछ।

६. **तालिम प्रमाणपत्र लिनु पर्नेः** (१) ऐनको दफा ७ को खण्ड (ख) बमोजिमको जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, विषादी छर्कने वा प्रयोग गर्ने व्यवसाय सम्बन्धी तालिमको प्रमाणपत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

७. **इजाजतपत्रको नवीकरणः** (१) ऐनको दफा ८ बमोजिम इजाजतपत्र नवीकरणका लागि सम्बन्धित व्यक्ति, संस्थाले देहायका कागजात संलग्न गरी प्रमुख समक्ष अनुसूची-४

बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) इजाजपत्र,

(ख) तालिम लिएको प्रमाणपत्र ।

(ग) हालसालै खिचिएको दुई प्रति पार्सपोर्ट साइजको फोटो।

(घ) स्थायी लेखा नम्बर।

(ङ) नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।

(च) मञ्जुरीनामा।

(छ) कृषि ज्ञान केन्द्र वा स्थानीय तहको सिफारिस।

(ज) कृषि ज्ञान केन्द्रद्वारा गोदाम तथा पसलको निरीक्षण गरिएको अनुसूची-३ अनुसारको चेक लिस्ट।

(झ) दस्तुर बुझाएको प्रमाण।

(२) ऐनको दफा ८ को उपदफा (६) बमोजिम प्राप्त भएका निवेदनलाई आवश्यक प्रक्रिया पूरा गरी इजाजतपत्र प्रदान गर्न सकिनेछ।

८. <u>म्याद नाघेका जीवनाशक विषादी व्यवस्थापनः</u> (१) सम्बन्धित व्यक्ति, संस्था वा निकाय, व्यवसायी वा उद्यमीले म्याद नाघेका प्रतिबन्धित र टुटेफुटेका वा चुहिएका वा अन्य कुनै कारणले प्रयोग गर्न नमिल्ने वा सूचकपत्र प्रष्ट नभएका जीवनाशक विषादी वा जीवनाशक विषादीजन्य फोहोर तथा सोको कन्टेनर लगायतका वस्तु राख्नको लागि आफ्नो पसल वा भण्डारण कक्षमा अलग्गै र सुरक्षित स्थानको व्यवस्था गरी भण्डारण गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) उपनियम (१) बमोजिम व्यवस्था गरिएको कक्ष, स्थान वा भागमा बिक्री गर्न अयोग्य जीवनाशक विषादी रहेको जनाउ चिन्ह सहित जीवनाशक विषादीको प्रकृति तथा रसायन समूहको आधारमा नचुहिने तथा नपोखिने गरी भण्डारण गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमका जीवनाशक विषादीलाई भण्डारण गर्दा ढलान गरिएको, पक्की भित्ता भएको सिमेन्टेड तथा हावा नगुम्सने गरी भेन्टिलेसन भएको भण्डारण कक्षको व्यवस्था गर्नु पर्नेछ।

(४) व्यवसायीले उपनियम (१) बमोजिमका जीवनाशक विषादीको प्रकृति तथा रसायन समूहको आधारमा अनुसूची-५ बमोजिमको ढाँचामा अभिलेख तयार गरी अद्यावधिक रूपमा राख्नु पर्नेछ र सो अभिलेख प्रयोगशाला र सम्बन्धित निरीक्षकलाई पठाउनु पर्नेछ।

(५) उपनियम (१) बमोजिमका जीवनाशक विषादीलाई कुनै पनि क्षेत्र वा बालीमा प्रयोग गर्न वा गराउन तथा वितरण गर्न पाइने छैन।

(६) उपनियम (१) बमोजिमका जीवनाशक विषादीलाई भण्डारण गरिराखेको स्थानबाट प्रयोगशालाको वा निरीक्षकको लिखित स्वीकृति बिना अन्यत्र लैजान वा हटाउन पाइने छैन।

९. <u>निरीक्षकको काम, कर्तव्य र अधिकारः</u> ऐनको दफा १७ बमोजिमका काम, कर्तव्य र अधिकारको अतिरिक्त निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसारपसार वा

विसर्जन जस्ता कार्य गर्दा आवश्यक सम्पूर्ण सुरक्षाका उपाय, प्राथमिक उपचार र उद्धार सामाग्रीको व्यवस्था भए नभएको अनुगमन गरी सो सम्बन्धी प्रतिवेदन प्रयोगशालामा पठाउने,

(ख) कुनै व्यक्ति, संस्था वा निकायले ऐन, नियमावली तथा सो बमोजिम निर्धारण गरिएको मापदण्ड पूरा नगरी जीवनाशक विषादी भण्डारण वा बिक्री वितरण गरेमा सोको अनुगमन गरी प्रतिवेदन प्रयोगशालामा पठाउने ।

१०. <u>कारोबारको अभिलेख राख्ने र विवरण पठाउने</u>: (१) जीवनाशक विषादी/रषादीको कारोबार गर्ने व्यक्ति, संस्था वा निकायले प्रत्येक आर्थिक वर्षमा आफूले कारोबार गरेको जीवनाशक विषादी/रषादीको नाम, परिमाण, कारोबार रकम तथा रातो र पहेंलो लेवलको विषादी खरिद गर्ने व्यक्तिको विवरण तथा कारोबार भएको जीवनाशक विषादीको नाम, समूह र परिमाणको तथ्याङ्क समेत उल्लेख गरी अनुसूची-६ बमोजिमको ढाँचामा वार्षिक रुपमा अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरण प्रत्येक वर्षको भदौ मसान्तभित्र उपलब्ध गराउनु पर्नेछ।

११. <u>क्षतिपूर्ति सम्बन्धी व्यवस्था</u>: (१) ऐनको दफा २१ बमोजिमको अवस्थामा क्षतिपूर्ति नदिएमा वा क्षतिपूर्तिमा चित्त नबुझेमा पीडितले देहायका विवरण खुलाई अनुसूची-७ बमोजिमको ढाँचामा क्षतिपूर्ति

दाबीका लागि ऐनको दफा २१ को उपदफा (२) बमोजिमको समिति समक्ष उजुरी दिन सक्नेछः-

(क) दुर्घटनासँग सम्बन्धित व्यक्ति, संस्था वा निकायको नाम र ठेगाना,

(ख) पीडित पक्षलाई भएको वास्तविक हानी, नोक्सानी वा क्षतिको विवरण,

(ग) निवेदनमा उल्लिखित विवरण पुष्ट्याँई हुने प्रमाण,

(घ) इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले क्षतिपूर्ति दिएको भएमा त्यस्तो विवरण र त्यसमा चित्त नबुझेको कारण वा दाबी गरेको क्षतिपूर्तिको रकम।

(२) उपनियम (१) बमोजिम उजुरी प्राप्त भएमा क्षतिपूर्ति निर्धारण समितिले इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायलाई सो उजुरीको नक्कल वा ब्येहोरा संलग्न गरी पन्ध्र दिनभित्र तत् सम्बन्धमा आफ्नो जवाफ पेस गर्न सूचना दिनु पर्नेछ।

(३) सम्बन्धित इजाजतपत्रवालाको जवाफ प्राप्त भएपछि निवेदकले पेस गरेको क्षतिको विवरण यकिन गर्न आवश्यक देखेमा क्षतिपूर्ति निर्धारण समितिले प्रयोगशाला वा विशेषज्ञबाट परीक्षण र विश्लेषण गर्न लेखी पठाउन सक्नेछ।

(४) क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्ति रकम निर्धारण गर्नु अघि आवश्यकता अनुसार पीडित र सम्बन्धित इजाजतपत्रवालासँग छलफल गर्न सक्नेछ ।

(५) क्षतिपूर्ति निर्धारण समितिले पीडितलाई शारीरिक र आर्थिक रूपले पर्न गएको क्षति, उपचार खर्च तथा उपचारका

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

क्रममा लाग्न गएको अन्य रकम समेतको वास्तविक मूल्याङ्कन गरी क्षतिपूर्तिको रकम निर्धारण गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिमको क्षतिपूर्ति रकम बुझाउनको लागि जानकारी प्राप्त भएको मितिले इजाजतपत्रवालाले क्षतिपूर्ति निर्धारण भएको साठी दिनभित्र पीडितलाई बुझाई सोको जानकारी क्षतिपूर्ति निर्धारण समितिलाई दिनु पर्नेछ ।

(७) क्षतिपूर्ति निर्धारण सम्बन्धी अन्य व्यवस्था क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१२. <u>पुनरावेदन गर्न सक्ने:</u> (१) ऐनको दफा २२ बमोजिम क्षतिपूर्ति निर्धारण समितिले गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो पक्षले अनुसूची-८ बमोजिमको ढाँचामा पुनरावेदन गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम पुनरावेदन परेमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी पैंतिस दिनभित्र निर्णय गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको निर्णयको जानकारी सम्बन्धित पक्षलाई दिई मन्त्रालयको वेवसाईटमा समेत सार्वजनिक गर्नु पर्नेछ।

१३. <u>अनुसूचीमा थपघट वा हेरफेर गर्ने अधिकार:</u> मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

## अनुसूची-१
### (नियम ५ को उपनियम (२) सँग सम्बन्धित)
### इजाजतपत्रको ढाँचा

**कोशी प्रदेश सरकार**
**उद्योग, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**बाली संरक्षण प्रयोगशाला............**
**विषादी खुद्रा विक्रेता इजाजत–पत्र**
**PESTICIDE RETAILER LICENSE**

पासपोर्ट साइजको फोटो

श्री (व्यवसाय नाम थर र ठेगाना)...............................ले विषादी ......................................................................को लागि तोकिएको मापदण्ड पूरा गरेको पाईएकोले तपसिल अनुसारका सर्तहरू पालना गर्ने गरी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ बमोजिम यो इजाजत-पत्र प्रदान गरिएको छ।

तपसिलः

१. प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ मा उल्लेखित व्यवस्था र सो ऐन सँग सम्बन्धित नियमावली, निर्देशिका र मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ।

२. विषादी बिक्री वितरण, भण्डारण र व्यवस्थापनमा निम्न व्यक्ति प्रत्यक्ष संलग्न हुनुपर्नेछ।

नाम,थरः.........ठेगानाः.....................प्र.प्र.नं................

नाम,थरः.............ठेगानाः........................प्र.प्र.नं...........

३. अनुगमन निरीक्षणमा खटिएको व्यक्ति, संस्था र निकायलाई अवरोध पुऱ्याउन पाइने छैन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

इजाजतपत्र नं. : ……………..........................

कार्यालय प्रमुख

जारी मितिः- ………………...................

म्याद सकिने मितिः ……………………….

## इजाजतपत्र नवीकरण विवरण

| नवीकरण मिति | म्याद सकिने मिति | नवीकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोटः यो ईजाजतपत्र प्राप्त गरेको र नवीकरण गरेको हरेक तीन वर्ष भुक्तान हुन आउने मितिको पैंतिस दिन अगावै नवीकरण गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची-२

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

प्रमाणपत्रको ढाँचा

कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

बाली संरक्षण प्रयोगशाला ........................

**प्रमाण-पत्र**

**CERTIFICATE**

यो प्रमाणित गरिन्छ कि-

.....................................................का श्री...................................(ना.प्र.प.नं.........................) लाई ........................................ सम्बन्धी तालिममा सहभागी भई सञ्चालित परीक्षा उत्तिर्ण गरेकोले निजलाई जीवनाशक विषादी/रषादीको ...................................... प्रयोजनका लागि यो प्रमाण-पत्र प्रदान गरिएको छ।

प्रमाणपत्र नं.................... . Certificate No................

मितिः .......................... Date:............................

.................

प्रमुख

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची -३

(नियम ५ को उपनियम (१) को खण्ड (छ), नियम ७ को उपनियम (१) को खण्ड (ज) सँग सम्बन्धित)

**Province Government**
Ministry of Industry,Agriculture and Cooperatives
Directorate of Agriculture Development
(office name)............................
Koshi Province,Nepal

**CHECK LIST FOR PREMISES OF PESTICIDE RETAILER**

Shop Name: ...................................................................................................

Shop Address.............................................................................. Phone: .......... ....................

Proprietor's Name: ....................................... .................... Address: ..............................................

Exclusively Pesticides Shop ( ) Yes ( ) No Combined with other items ( )Yes ( ) No.

Pesticide importer ? ( ) Yes ( ) No

Check List for: ( ) Shop ( ) Separate Godown

Shop already opened (Yes/No) ............. (If Yes, fill A, B, C and D; if No, fill A and D only.)

**A. CONSTRUCTION**

Floor: ( ) Concrete ( ) Other (Specify): ...................

Walls: ( ) Concrete ( ) Other (Specify): ...................

General: ( ) Waterproof ( ) Needs Repair? (Specify)............................

Drains: ( ) Into Sump. ( ) Into the Road ( ) Other (Specify): .....................

Ventilation : ( ) Excellent ( ) Good ( ) Poor

Door Locks : ( ) All Doors ( ) Some ( ) None

Warning Signs : (Specify in word) : ..............................................................................................

**B. STORAGE**

The store contain : ( ) Fertilizers ( ) Veterinary Products

( ) Seed ( ) Other (Specify) : .......................................

Does the store contain: ( ) Food items ( ) Feed items

Are pesticides stored / displayed separately from other products ? ( ) Yes ( ) No

Are any faded or unreadable labels present ? ( ) Yes ( ) No

Are any damaged or leaking containers present ? ( ) Yes ( ) No

Are any unlabelled pesticides present ? ( ) Yes ( ) No

Is there a list of registered/gazetted pesticides? ( ) Yes ( ) No

Evidence of spillage (Specify in word) : ..................... ..............................................

Tidiness : ( ) Excellent ( ) Good ( ) Poor

Presence of date expired pesticides: ( ) Yes ( ) No

Presence of unregistered pesticides ( ) Yes ( ) No

Presence of banned pesticides ( ) Yes ( ) No

Other (Specify): ............. ............................................................ ...................................

**C. PRECAUTIONS**

Are staffs wearing long trousers ? ( ) Long sleeved shirts ( ) Shoes

On the premises, is there ? ( ) Soap and a bucket of water ( )A bucket of sand/dirt

Does the store contain ? ( ) Glove ( ) Apron ( ) Mask/Mask Shield

Does the store contain ? Separate management for expired and damaged pesticide (Yes/No)

Is there : ( ) A shovel ( ) A broom ( ) A container for spillage/ sweeping waste

**D. ADDITIONAL NOTES ATTACHED** :..............................................................................................

..............................
Name and Signature :
(Pesticide Inspector)

..............................
(Verified By)

## अनुसूची -४

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

**<u>इजाजतपत्र नवीकरणको लागि दिने निवेदनको ढाँचा</u>**

मिति:

श्री प्रमुखज्यू,
बाली संरक्षण प्रयोगशाला,
............................ ।

विषयः **<u>इजाजतपत्र नवीकरण सम्बन्धमा।</u>**

प्रदेश जीवनाशक बिषादी व्यवस्थापन ऐन, २०८१ को दफा ८ तथा नियमावलीको नियम ११ को उपनियम (१) बमोजिम जीवनाशक विषादीको खुद्रा बिक्री वितरण तथा भण्डारण/व्यावसायिक प्रयोग तथा छर्कने व्यावसाय सञ्चालनका लागि इजाजतपत्र नवीकरणका लागि आवश्यक कागजात तथा विवरण सहित यो निवेदन पेस गरेको छु/छौं ।

तालिम प्राप्त व्यक्ति/ प्रोप्राइटरको नाम:
स्थायी ठेगाना:
नागरिकता नं./राष्ट्रिय परिचयपत्र नं. र जारी भएको जिल्लाः
शैक्षिक योग्यता:
सम्पर्क न:
सञ्चालन गर्न चाहेको एग्रोभेट/व्यवसायको नाम:
व्यवसायको ठेगानाः
विषादी भण्डार वा गोदामको ठेगाना:
सम्बन्धित प्रमाणपत्र न: मिति:
इजाजतपत्र नं. जारी मितिः

.............................
निवेदकको दस्तखत

## अनुसूची -५
## (नियम ८ को उपनियम (४) सँग सम्बन्धित)
## विषादीको अभिलेख

व्यक्ति :निकायको नाम र ठेगाना/संस्था/

इजाजतपत्र नं.:

प्रमाणपत्र नं.:

संचालकको नाम र ठेगाना :

सम्पर्क नं.:

अभिलेख राखेको अवधिः

| क. सं. | व्यवसायीको नाम | साधारण नाम | जीवनाशक विषादीको समूह | संश्लेषणको किसिम | खास बिष मात्रा % | कुल खरिद परिमाण (के.जी /लिटर ) | प्रति के.जि/ लिटर मूल्य | जम्मा रकम रु | बिक्री परिमाण (के.जी/ लिटर) | मौज्दातमा रहेको परिमाण (के.जी/ लिटर) | म्याद समाप्त भएका वा बिक्री अयोग्य भएका बिषादी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | परिमाण (के. जी/ लिटर ) | कारण |
| किटनाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| ढुशीनाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| झारपातनाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | | | | | | | |
| मुसानाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| ब्याक्टेरियानाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| सुलसुलेनाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| जैविक र बानस्पतिक बिषादी वा | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| ल्युर,ट्र्याप आदि | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

पेस गर्नेः

दस्तखतः

## अनुसूची -६

### (नियम १० को उपनियम (१) सँग सम्बन्धित)

### वार्षिक विवरण पठाउने ढाँचा

**श्री बाली संरक्षण प्रयोगशाला,**

**मिति :**

.................................।

**विषयः वार्षिक विवरण पठाएको सम्बन्धमा।**

महोदय ,

उपर्युक्त सम्बन्धमा कोशी प्रदेशको जीवनाशक बिषादी व्यवस्थापन ऐन, २०८१ र जीवनाशक बिषादी व्यवस्थापन नियमावली, २०८२ को नियम २० को उपनियम (१) अनुसार तपसिलमा उल्लिखित जीवनाशक विषादी बिक्रेताको विषादी सम्बन्धी वार्षिक कारोबारको विवरण निम्न अनुसार रहेको ब्यहोरा अनुरोध छ।

तपसिल

व्यक्ति :निकायको नाम र ठेगाना/संस्था/

प्रमाणपत्र नं.: इजाजतपत्र नं.:

संचालकको नाम र ठेगाना : सम्पर्क नं.:

विवरण पेस गरेको अवधिः

**निम्नः**

| क्र.सं. | व्यवसायीको नाम | साधारण नाम | जीवनाशक विषादीको समूह | संश्लेषणको किसिम | खास विषमात्रा % | कुल खरिद परिमाण (के.जी./लिटर) | प्रति के.जि/लिटर मूल्य | जम्मा रकम रु | बिक्रि परिमाण (के.जी./लिटर) | मौज्दातमा रहेको परिमाण (के.जी/लिटर) | म्याद समाप्त भएका वा बिक्रि अयोग्य भएका बिषादी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | परिमाण (के.जी./लिटर) | कारण |
| किटनाशक बिषादी | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| ढुसीनाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| झारपातनाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| मुसानाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| ब्याक्टेरियानाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| सुलसुलेनाशक बिषादी | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| जैविक र बानस्पतिक बिषादी वा | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| ल्युर,ट्र्याप आदि | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| .... | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची - ७

**(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)**

श्री कृषि ज्ञान केन्द्र,
(क्षतिपूर्ति निर्धारण समिति)
………………………।

विषय :क्षतिपूर्ति उपलब्ध गराई पाऊँ।

महोदय,

उपरोक्त सम्बन्धमा मलाई/ हामीलाई…………………………….विषादीको बिक्रि वितरण/भण्डारण/ प्रयोग/विसर्जन गर्ने क्रममा दुर्घटना भई देहाय बमोजिमको क्षति भएकोले आवश्यक मूल्याङ्कन गरी सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति/संस्था/निकायबाट क्षतिपूर्ति उपलब्ध गराई पाउनको लागि यो निवेदन पेस गरेको छु/छौं। उक्त दुर्घटना भएको अवस्थाको फोटो, भिडियो तथा अन्य विवरणको प्रतिलिपि यसै निवेदनसाथ संलग्न राखी पेस गरेको छु /छौं ।

**निवेदकः**

दस्तखतः

नामः

ठेगानाः

मितिः

(क) दुर्घटनासँग सम्बन्धित व्यक्ति, संस्था वा निकायको नाम र ठेगानाः……………………………………………………

(ख) वास्तविक हानी, नोक्सानी वा क्षतिको विवरणः……………
………………………………………………………………

(ग) उल्लिखित विवरण पुष्ट्याँई हुने प्रमाणः……………………
………………………………………………………………

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(घ) सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति, संस्था वा निकायले क्षतिपूर्ति दिएको भएमा त्यस्तो विवरण र त्यसमा चित्त नबुझेको कारण वा दाबी गरेको क्षतिपूर्तिको रकमः...........................................................................................................................................................................................................................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची- ८

(नियम १२ को उपनियम (१) सँग सम्बन्धित)

**क्षतिपूर्तिको निर्णय उपर पुनरावेदनको लागि दिने निवेदनको ढाँचा**

श्रीमान् सचिवज्यू,

उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, विराटनगर।

विषयः क्षतिपूर्तिको निर्णय पुनरावलोकन गरी पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति..........................को (इजाजतपत्र खारेजीको निर्णय/जरिबानाको निर्णय/क्षतिपूर्ति सम्बन्धी निर्णय) को ब्यहोरा अवगत भयो। उक्त निर्णयमा मेरो/हाम्रो चित्त नबुझेकोले तपसिलमा उल्लेख भए बमोजिमका कारणहरू सहित पुनरावलोकनको लागि निवेदन पेस गरेको छु/छौं।

बोधार्थ

श्री.................................

.................................

तपसिल

१.

२.

३.

४.

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

<u>निवेदक</u>

नाम थर:-

सही:-

पद :-

मिति:-

स्वीकृत मितिः- २०८३/०१/२८

आज्ञाले,
डा.पशुपति ढुंगाना
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश